# राष्ट्रिय मानव अधिकार आयोग

## हरिहरभवन, ललितपुर

## घरभाडामा लिने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०८/१५**

राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयको लागि तपशिल वमोजिमको स्थानमा निम्न बमोजिमको सुविधा भएको घर/कम्लेक्स भाडामा लिन आवश्यक भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ९ को दफा ९४ अनुसार इच्छुक घरधनी/संस्था/कम्पनीवाट सिलबन्दी प्रस्ताव आह्वान गरिन्छ । रितपूर्वक म्यादभित्र प्राप्त हुन आएका प्रस्तावहरु घरभाडा निर्धारण समितिमा प्रस्तावकहरुको रोहवरमा खोलिने छ । कुनै प्रस्तावक उपस्थित नभएमा सिलवन्दी प्रस्ताव खोल्न वाधा पर्ने छैन । बिस्तृत जानकारीको लागि आयोगको केन्द्रीय कार्यालय हरिहरभवन ललितपुरमा कार्यालय समय भित्र वा फोन नं.०१-५०१००१५ एक्सटेन्सन नं. १७० वा २०२ मा सम्पर्क राख्न सकिनेछ ।

तपशिल

१. सार्वजनिक निकायको नाम र ठेगाना : राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन पुल्चोक ललितपुर ।

२. घर आवश्यक भएको क्षेत्र वा स्थान : त्रिपुरेश्वरदेखि सुन्धारा, लैनचौर, वालुवाटार, महाराजगञ्ज चक्रपथसम्म, थापाथलीदेखि माइतीघर, बबरमहल, नयाँवानेश्वर, तीनकुनेसम्म, कुपन्डोलदेखि हरिहरभवन, पुल्चोक, जावलाखेल, लगनखेलसम्म, बल्खुदेखि, एकान्तकुना, सातदोवाटो, कोटेश्वरसम्म ।

३. घरभाडा लिन खोजेको घरको प्रकृती, क्षेत्रफल र अन्य आवश्यक विवरण :

क) १५'X२०' को ६ वटा कोठाहरु

ख) १५'X१५' को ५० वटा कोठाहरु

ग) घ) २०'X६०' को १ वटा कोठा (सभाहलको लागि)

वा

कम्तिमा १७००० वर्ग फिट क्षेत्रफल भएको कोठाहरु नवारेका (पार्टीशन) भएपनि हुने ।

घ) निर्माण सम्पन्न भई कम्तिमा विद्युत, टेलिफोन र इन्टरनेटको वाइरिङ सम्पन्न भएको हुन पर्नेछ ।

ङ) कम्तिमा १४ वटा मोटरगाडीहरु र ४० वटा मोटरसाइकल एकै चोटी पार्किङ गर्न सकिने पार्किङस्थल भएको ।

च) कार्यालय रहन उपर्युक्त वातावरण र परिसर भएको ।

छ) आयोगको आवश्यकता अनुसार अस्थायी ब्लगहरु निर्माण गर्न सकिने ।

ज) सुरक्षागार्डको लागि उपयुक्त स्थान र कोठा भएको ।

झ) घरमा थ्रिफेज बिजुली आपुर्ति भएको हुनु पर्नेछ ।

ञ) पानीको आपुर्ति भएको हुनुका साथै प्रशस्तपानी जम्मा गरेर राख्न सकिने ट्याङकीहरु भएको हुनपर्ने छ ।

ट) कम्पाउन्डवाल भएको हुन पर्नेछ । साथै सवारीसाधन आवतजावत गर्न सक्ने बाटो भएको हुनुपर्ने, विद्युत तथा टेलिफोन लाइन जडान भएको वा हुनसक्ने हुन पर्नेछ ।

४. घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा मात्र घरभाडामा लिन सकिने छ ।

५. प्रस्ताव पेश गर्ने तरिका र पेश गर्नुपर्ने न्यूनतम विवरण : घरजग्गाको लालपुर्जा, मालपोत तिरेको रसिद तथा नक्सा पासको प्रतिलिपि सहितको सम्पूर्ण विवरण र भाडामा दिन चाहेको मासिक भाडा दर अङक र अक्षेरमा समेत खुलाई घरजग्गा धनीको नाम, ठेगाना, सम्पर्क नम्वर समेत राखी सिलवन्दी दरखास्त दिनु पर्नेछ ।

६. प्रस्ताव दाखिला गर्ने स्थान र अन्तिम मिति : राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय हरिहरभवन पुल्चोक ललितपुर, २०७६/०८/२९ गते कार्यालय समयभित्र ।

७. घरभाडा भुक्तानीका शर्तहरु र करकट्टिको विषय : मासिक रुपमा घरभाडा भुक्तानी गरिनेछ र भाडा भुक्तानी गर्दा नियमानुसार लाग्ने कर कटाई भुक्तानी गरिने ।

८. सार्वजनिक निकायले उपयूक्त ठानेका अन्य कुरा : कुनै घरभाडामा लिने वा नलिने सम्पूर्ण अधिकार यस राष्ट्रिय मानव अधिकार आयोगमा निहित रहनेछ । म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।